नेपालको संविधान अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ५८तथा फालेलुङ गाउँपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७९को दफा ३ उपदफा २ बमोजिम हालसम्म गाउँपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै प्रकार का उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनीले यस गाउँपालिकाको मिति २०७९/१०/२२ गतेको कार्यपालिकाको बैठकको निर्णय अनुसार व्यवसाय दर्ता तथा नवीकरण गर्नका लागि शिविर सञ्चालन गरिने भएकाले तपशिलका मिति, समय र स्थानमा आवस्यक पर्ने कागजात सहित उपस्थित भई सेवा लिनहुन सम्बन्धित सरोकार वालाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील:**

| क्र.स. | मिति | स्थान | समय | कैफियत |
|---|---|---|---|---|
| १ | २०७९/११/०१ | ३ नं.वडा कार्यालय | विहानको १०:०० वजेदेखि साँझ ५:०० सम्म | |
| २ | २०७९/११/०२ | २ नं.वडा कार्यालय | विहानको १०:०० वजेदेखि साँझ ५:०० सम्म | |
| ३ | २०७९/११/०३ | १ नं.वडा कार्यालय | विहानको १०:०० वजेदेखि साँझ ५:०० सम्म | |
| ४ | २०७९/११/०४ | ४ नं.वडा कार्यालय | विहानको १०:०० वजेदेखि साँझ ५:०० सम्म | |
| ५ | २०७९/११/०५ | ५ नं.वडा कार्यालय | विहानको १०:०० वजेदेखि साँझ ५:०० सम्म | |
| ६ | २०७९/११/०६ | ६ नं.वडा कार्यालय | विहानको १०:०० वजेदेखि साँझ ५:०० सम्म | |
| ७ | २०७९/११/०७ | ७ नं.वडा कार्यालय | विहानको १०:०० वजेदेखि साँझ ५:०० सम्म | |
| ८ | २०७९/११/०८ | ८ नं.वडा कार्यालय | विहानको १०:०० वजेदेखि साँझ ५:०० सम्म | |

**आवश्यक कागजातहरू:**

१. व्यावसायिको नेपाली ना.प्र.प्र.प्रतिलिपि
२. प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट व्यावसाय दर्ता र ईजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि
३. गैरनेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि ।
४. व्यवसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजजातहरु (घरभाडा, पानी, बिजुलीको बील तिरेको रसिद, कर कार्यायलमा मर तिरेको रसिद वा अन्य यस्तै किसिमको कागजातहरु)
५. सञ्चालकको २ प्रति पी.पी. साईज फोटो
६. स्था.ले.नं. भए सोको प्रतिलिपि

**डम्बर बहादुर आङ्देम्बे**
**प्रमुख प्रशासकीय अधिकृत**

## Re Invitation for Sealed Quotation

**Panchkhal Municipality Office**
**Office of the Municipal Executive**
**Panchkhal, Kavre**
**Bagmati Province, Nepal**

### Invitation for Sealed Quotation for the procurement of Purchase of Branded Desktop Computer and 3 - in - 1 Multifunction Printer

**Sealed Quotation No: PMUN/SQ/Supply/01/2079/080**
**Date of Publication : 08-02-2023**

The Panchkhal Municipality Office invites sealed quotations from registered Suppliers for the Purchase of Branded Desktop Computer and 3 - in - 1 Multifunction Printer.

1. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Panchkhal, Kavre, 011499453, panchkhal.municipality@gmail.com. OR [may visit PPMO website www.bolpatra.gov.np].
2. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office Panchkhal Municipality Office, Panchkhal, Kavre, and the Office Panchkhal Municipality Office, Panchkhal, Kavre by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1,000.00 till 23-02-2023 12:00 during office hours.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account.
   **i. Name of the Bank : Nepal Bank Ltd.**
   **ii. Name of Office : Panchkhal Municipality Office**
   **iii. Office Code no : 30-365-15**
   **iv. Office Account No : 12403000001001000001**
4. Sealed bids must be submitted to the office Panchkhal Municipality Office, Panchkhal, Kavre by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 23-02-2023 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 23-02-2023, 13:00 at the office of Panchkhal Municipality Office, Panchkhal, Kavre, Bagmati Province, Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 30,000.00, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[12403000003000000001] at [Nepal Bank Ltd., Panchkhal] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

# प्रभाव दैनिक

बुधबार, २५ माघ २०७९ (Wednesday, February 8, 2023)


## रूपशाला

### विप्लवराजलाई नेसनल डिजाइनर रनवे उपाधि

फेसन डिजाइनको प्रतिस्पर्धात्मक प्रतियोगिता 'नेसनल डिजाइनर रनवे-२०२३'को शीर्ष उपाधि आइआइएफ्टी स्कूल अफ फेसन डिजाइनका विप्लवराज नाग नहरले जितेका छन् । गत वर्ष सोही स्कुलका स्यामुअल अर्कानसासले जितेका थिए । काठमाडौंको जमलस्थित राष्ट्रिय नाच घरमा आयोजित प्रतियोगिताको फाइनलमा विभिन्न फेसन डिजाइनरहरूले तयार पारेको पहिरनमा मोडलहरू र्याम्पमा उत्रिएका थिए । उनीहरूको प्रस्तुतीका आधारमा विजेता घोषणा गरिएको हो । नाग नहरले शीर्ष उपाधी हात पार्दा आइआइएफ्टीकै सावित्रीदेवी राई 'फस्ट रनरअप' र सरला डंगोल 'सेकेण्ड रनरअप' तथा वर्षा पन्त 'मस्ट पपुलर' बनेका थिए ।



# प्रोफेसनल लक्की अवार्डको तयारी पूरा

■ प्रभाव संवाददाता



**चितवन–** सिने क्षेत्रका अगुवाहरुले मोफसलमा हुन लागेको लक्की फिल्मी अवार्डले कलाकार हरुको प्रोत्साहन तथा सिने क्षेत्रको प्रवर्द्धन हुने विश्वास गरेका छन् । 'एनप्लस प्रोफेसनल लक्की फिल्मी अवार्ड २०८०' को तयारीमा रहेको चितवनको लक्की मिडिया हाउसले कलाकार, समाजसेवी, व्यवसायीहरुसँग सुझाव संकलन अभियान नै चलाएको छ ।

सुशील कोइराला मेमोरियल फाउण्डेशनका सदस्य सचिव अतुल कोइराला, चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, नेपाल चलचित्र निर्देशक समाजकी अध्यक्ष रक्षा सिंह राणा, नेपाल चलचित्र कलाकार संघका अध्यक्ष रवीन्द्र खड्का, उपाध्यक्ष तथा प्रवक्ता मोहन निरौला, महासचिव चेतबहादुर सिंह 'राजा', वरिष्ठ गायक आनन्द कार्की सँग सुझाव संकलन गरेको छ ।

लक्की मिडिया हाउस चितवनका महाप्रबन्धक हरि कार्की 'लक्की'ले सिने क्षेत्रका अग्रज, समाजसेवी, व्यवसायीहरु सबै उत्साहित रहेको बताए । 'हामीले फिल्मी अवार्डलाई भव्य र सभ्य बनाउन सुझाव संकलन तीव्र पारेका छौं', उनले भने, 'सबै उत्साहित हुनुहुन्छ, सिने जगतमा चितवनको थप पहिचान कायम हुनेछ ।'

उनले ३० विधामा अवार्ड वितरण हुने बताए । उत्कृष्ट अभिनेता, अभिनेत्री, निर्देशक, छायाँकार, सम्पादक, साउण्ड एडिटर, गीतकार, पार्श्व गायिक-गायिकालाई अवार्ड प्रदान गरिनेछ । उत्कृष्ट फिल्म, उत्कृष्ट कथा, उत्कृष्ट पटकथा, उत्कृष्ट संवाद लगायतका विधाहरुमा अवार्ड वितरण हुनेछ । अवार्ड वितरण कार्यक्रम आगामी असारमा चितवनमा हुनेछ ।

# पुरस्कृत हुँदै तीन स्रस्टा

■ प्रभाव संवाददाता

**बाग्लुङ–** बागलुङस्थित धवलागिरि साहित्य प्रतिष्ठानले तीन साहित्य स्रस्टालाई पुरस्कृत गर्ने भएको छ । प्रतिष्ठानले विसं २०७८ को 'काजी रोशन साहित्य पुरस्कार' सुनसरीका लेखक टीका मिलनलाई प्रदान गर्ने निर्णय गरेको हो ।

पुरस्कारका लागि देशभरबाट प्राप्त कृतिमध्ये निरुपण मण्डलले उनको उपन्यास कृति 'पटाक्षेप'लाई छनोट गरेको थियो । हरेक दुई वर्षमा राष्ट्रियस्तरमा प्रदान गरिने उक्त पुरस्कारको राशि रु २० हजार छ ।

प्रतिष्ठानले १६औं पटकमा उपन्यासकार मिलनलाई सो पुरस्कार प्रदान गर्न लागेको हो । यसअघि उक्त पुरस्कार काठमाडौंका लेखक बाजुराम पौडेल, तनहुँका काशिनाथ न्यौपाने, उदयपुरका मातृका पोखरेललगायतले पाइसकेका छन् ।

यस्तै प्रतिष्ठानमा स्थापित 'बम-सरस्वती स्मृति पुरस्कार' यस वर्ष कपिलवस्तुका स्रस्टा सकुन्तला शर्मा पौडेललाई प्रदान गरिने भएको छ । उक्त बागलुङ, मूलपानी घर भई हाल बेल्जियममा रहेका कवि दीपेन्द्र केसीले हजुरबुबा र हजुरआमाको स्मृतिमा सो पुरस्कार स्थापना गरेका हुन् ।

उक्त पुरस्कार यसअघि नुवाकोटका साहित्यकार श्रीराम श्रेष्ठ, पाल्पाका पुष्कर 'अथक' रेग्मीलगायतले पाइसकेका छन् । प्रतिष्ठानबाट पहिलोपटक प्रदान गर्न लागिएको 'हिमलाल-मन्सरा स्मृति पुरस्कार'बाट बागलुङ, बेलवाका स्रस्टा तुलसी पौडेल पुरस्कृत हुने प्रतिष्ठानले जनाएको छ ।

उक्त पुरस्कारको राशि पनि रु १० हजार रहेको छ। बलेवा निवासी डा प्रेमप्रसाद शर्माले दिवङ्गत बुबाआमाका नाममा सो पुरस्कार स्थापना गरेका हुन् । आउँदो शनिबार बागलुङ सदरमुकाममा आयोजना हुनेसमारोहमा एकसाथ तीनवटै पुरस्कार समर्पण गरिने प्रतिष्ठानका अध्यक्ष काजी रोशनले बताए ।

## रंगशाला

### छैटौं केएनपी नेरोलेक राष्ट्रिय महिला भलिबल

# न्युडायमन्डलाई उपाधि



■ प्रभाव संवाददाता

काठमाडौं– होङ्गवान्जी न्यू डायमन्ड युथ स्पोर्टस् क्लबले छैटौं केएनपी नेरोलेक राष्ट्रिय महिला भलिबल प्रतियोगिता २०७९को उपाधी जितेको छ । आज सम्पन्न फाईनलमा साविक विजेता एपिएफ क्लबलाई ३-२ सेटमा पराजित गर्दै न्यु डायमन्डले उपाधी उचालेको हो । निकैनै प्रतिस्पर्धात्मक खेलमा पहिलो सेट २८-२६ले जितेको न्यु डायमन्डले दोश्रो सेट १९-२५ले एपिएफलाई सुम्पन पुग्यो ।

यस्तै तेश्रो सेट पुनः २५-२२ ले आफ्नो पक्षमा पारेको डायमन्ड चौथो सेट पुनः एपिएफलाई २४-२६ ले सुम्पन पुग्यो । २-२ को बरावरीको अवस्थमा अन्तिम तथा निर्णायक सेट न्यु डायमन्डले १५-९ ले आफ्नो पक्षमा पार्न सफल भए पश्चात उपाधी जितेको हो । उपाधी विजेता न्यु डायमन्डले नगद ३ लाख ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो । न्यु डायमन्डीकी प्रगती नाथ प्लेयर अफ दी म्याच घोषित हुँदै नगद १० हजार र ट्रफी प्राप्त गर्न सफल भईन् ।

उपबिजयी एपिएफले नगद १ लाख ५० हजार सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो । द्वितीयको पुरस्कार रासी चाँगुनारायण नगरपालिकाले प्रायोजन गरेको हो ।

शेरबहादुर खड्का स्मृती प्रतिष्ठानको आयोजनामा भएको प्रतियोगिताको तेश्रो स्थान नेपाल पुलिसले हात पाऱ्यो । पुलिसले नेपाली सेनाको त्रिभुवन आर्मी क्लबलाई २५-२१, २५-२१, २५-१३ ले पराजित गर्दै तेश्रो स्थान प्राप्त गर्न सफल भएको हो । पुलिसले तेश्रो स्थान प्राप्त गरेबापत मार्वल टेक्नोप्लास्ट प्रा.लि.ले प्रायोजन गरेको नगद ७५ हजार प्राप्त गऱ्यो । पुलिसकी उषा भण्डारी प्लेयर अफ दी म्याच घोषित भईन् । उनले नगद १० हजार सहित ट्रफी प्राप्त गरिन् ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी न्यु डायमन्डकी प्रतिभा माली घोषित भईन् । उनले नगद ५० हजार सहित ट्रफी र प्रमाणपत्र प्राप्त गरिन् । सर्वोत्कृष्ट खेलाडीका लागि प्रदान गरिएको ५० हजार नगद मुक्तिनाथ विकास बैंकले प्रायोजन गरेको थियो । विधागत तर्फ उत्कृष्ट स्पाईकरमा एपिएफकी निरुता ठगुन्ना, उत्कृष्ट ब्लकरमा एपिएफकी हिरा के.सी., उत्कृष्ट सर्भरमा एपिएफकी सरस्वती चौधरी, उत्कृष्ट सेटरमा न्यु डायमन्डकी प्रगती नाथ, उत्कृष्ट लिबेरोमा न्यु डायमन्डकी सलिना श्रेष्ठ, उत्कृष्ट प्रशिक्षकमा न्यु डायमन्डका कुमार राई, उदियमान खेलाडीमा न्यु डायमन्डकी सलिना बुढामगर घोषित भए । विधागत तर्फका उत्कृष्ट प्रत्येकले नगद १५ हजार सहित ट्रफी र प्रमाण पत्र प्राप्त गरे ।

विजयी टिम तथा खेलाडीहरुलाई मुख्य अतिथी प्रदेश खेलकुद विकास परिषद्, बागमतीका सदस्य सचिव सूर्यलाल भण्डारी, नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्र बहादुर चन्द, ओलम्पियन दीपक बिष्ट लगायतले पुरस्कार वितरण गरेका थिए ।

४० लाख अनुमानित लागत रहेको प्रतियोगिताको मुख्य प्रायोजकमा बहुराष्ट्रिय कम्पनी कन्साई नेरोलेक पेन्टले मुख्य प्रायोजन गरेको थियो । कम्पनीले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत उक्त प्रायोजन गरेको हो । यस्तै राष्ट्रिय खेलकुद परिषद् र प्रदेश खेलकुद विकास परिषद्, बागमतीको बिशेष सहयोग रहेको थियो । नेपाल भलिबल संघको प्राविधिक सहयोग रहेको प्रतियोगितामा बहुराष्ट्रिय कम्पनी डावरले खेलाडीहरुका लागि रियल जुस र आमा लौन्ड्री एण्ड ड्राई क्लिनर्सबाट खेल अवधीभर पिउने पानीको ब्यवस्था भएको थियो ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा माघ २४ गते सम्म संचालित प्रतियोगितामा तीन विभागिय टोली त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, सशस्त्र प्रहरी बलको एपिएफ क्लब र होङ्गवान्जी न्यु डायमन्ड युथ स्पोर्टस् क्लबको सहभागिता रहेको थियो ।

# त्रिदेशीय सिरिजको टिकट मूल्य सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** यसै वर्ष भारतमा आयोजना हुने एकदिवसीय विश्वकपको छनोटको रुपमा रहेको विश्वकप लिग-टू अन्तर्गत आगामी साताबाट नेपालमा सुरु हुने त्रिदेशीय एकदिवसीय सिरिजको टिकट दर सार्वजनिक भएको छ ।

सिरिजका लागि दुई प्रकारका टिकटको व्यवस्था गरिएको छ । साधारण तर्फ बसेर हेर्ने दर्शकका लागि रु १ सय ५० को टिकटको व्यवस्था गरिएको छ । सिट सुविधा सहितको टिकट दर भने रु.३ सय ५० तोकिएको नेपाल क्रिकेट संघ(क्यान)ले जनाएको छ । 'माई पे'बाट टिकट लिने सकिने क्यानले बताएको छ ।


## गौरीगंगा साझेदारी वन उपभोक्ता समूह

**गौरीगंगा न.पा.– ८ बढैपुर, कैलाली**

## काठरदाउरा संकलन सम्बन्धि सुचना

**पहिलो पटक प्रकाशित मिति : २०७९/१०/२५**

कैलाली जिल्लाको सब डिबिजन वन कार्यालय मसुरिया अन्तर्गतको गौरीगंगा साझेदारी वन क्षेत्र भित्रका दलापडा तथा सुखाखडा रुखहरु गौरीगंगा साझेदारी वनको स्वीकृत व्यवस्थापन योजना २०७७/०७८-२०८७/०८८ अनुसार कटान, मुछान, ढुवानी गरी घाटगद्दी समेत गराउनको लागि स्वीकृत जिल्ला दररेट (कैलाली) मा घटाघट प्रकृयाबाट ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले अन्तरिक राजश्व कार्यालयमा दर्ता भई स्थायी लेखा दर्ता प्रमाण पत्र (PAN), मु.अ.कर दर्ता नम्बर, डि.व.का.कैलाली र समूहमा सूचीकृत भएका काठ सम्बन्धि व्यवसाय गर्न ईजाजत प्राप्त फर्म, कम्पनी वा व्यक्तिले निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

**निम्न**

१. यो सुचना (प्रभाव राष्ट्रिय दैनिक पत्रिका) मा पहिलो पटक प्रकाशित भएको मिति २०७९ माघ २५ गतेले ३० (तिस) दिन २०७९ फागुन २५ भित्र यस कार्यालय, प्रदेश वन निर्देशनालय वा डिबिजन वन कार्यालय धनगढी कैलालीबाट दश लाख वा सो भन्द बढीको हकमा प्रती बोलपत्र रु.३००० (तिन हजार) र सो भन्दा कमको हकमा रु.२००० (दुई हजार) दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई कार्यालय समय भित्र बोलपत्र खरिद गर्न सकिनेछ । बोलपत्र खरिद गर्दा चालु आ.व. को लागि नविकरण भएको स्थायी दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्नेछ ।

२. खरिद भएको बोलपत्र यो सुचना प्रकाशित भएको मितिले ३१ औं दिन (२०७९ फागुन २६) मा दिनको १२:०० बजे भित्र तोकिए अनुसारको शिलबन्दी बोलपत्र लाहाछाप लगाई यस कार्यालयमा मात्र दर्ता गराउनु पर्नेछ । बोलपत्रको खाम बाहिर नाम, ठेगाना तथा पेश गर्ने कार्यालय (गौरीगंगा साझेदारी वन उपभोक्ता समूहको कार्यालय) को नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

३. दर्ता भएका शिलबन्दी बोलपत्रहरु बोलपत्र दाखिला भएको दिन, दिनको २:०० बजे अन्य कार्यालयका प्रतिनिधि र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खुल्ने दिन विदा पर्न गएमा उक्त कार्य विदाको लगतै भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. बोलपत्र साथ आफुले कवोल गरेको ठेक्का अंकको १०% (दश) ले हुने रकम समूहको नाममा कृषि विकास बैंक शाखा कार्यालय सुखड, कैलाली स्थित खाता नं. ०८२२३०५०५१५९१०१९ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ । ठेक्का स्वीकृत भई म्याद भित्र सम्झौता गर्न उपस्थित हुन नआएमा धरौटी रकम जफत गर्न सकिनेछ ।

६. बोलपत्रमा आफुले कवोल गरेको अंक र अक्षर समेत दुवै स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ ।

७. म्याद नाघी आएको, रित नपुगेको, शर्त राखिएको, एक फर्मको नाममा खरिद भई अर्को फर्मबाट पेश भएको बोलपत्र अमान्य हुनेछ ।

८. कुनै कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार वन व्यवस्थापन समितिमा रहनेछ ।

९. यो सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली २०६४, संशोधन सहित र प्रचलित नियमानुसार हुनेछ ।

१०. ठेक्का स्वीकृत भएपछि ठेकेदार र यस कार्यालय बिच रुख कटान गर्ने, मुछान (गिण्डा पार्ने), ढुवानी , पाईलिङ्ग, लोडिङ्ग, अनलोडिङ्ग , ग्रेडिङ्ग, नम्बरिङ्ग गरी घाटगद्दी गर्ने विषयमा सम्झौता अनुसार (करारनामा) गर्नुपर्नेछ। सम्झौता पश्चात यस कार्यालयबाट वन प्रवेश ईजाजत प्राप्त गरेपछि तोकिएको प्लटमा गई कटान मुटान कार्य सुरू गर्न सकिनेछ ।

११. संकलन गर्ने काठ र दाउराको उल्लेखित अनुमानित परिमाणमा घटबढ हुन सक्ने र घटबढ भएमा सोही अनुसार रकम भुक्तानी गरिनेछ । ठेकेदारले सुरुमा आफ्नै खर्च लगाई काठ दाउरा संकलन गर्नुपर्नेछ। काठ दाउरा संकलन भए पश्चात सम्बन्धित वन प्राविधिकले प्रमाणित गरेको चलान पूर्जि र घाटगद्दी भएको काठ, दाउराको परिमाणको आधारमा ठेकेदारलाई बढिमा तिन किस्तामा रकम भुक्तानी गरिनेछ । सम्बन्धित सब डिभिजन वन कार्यालयका वन कर्मचारी र वन व्यवस्थापपन समिति पदाधिकारीहरुको रेखदेख, निर्देशन र नियन्त्रणमा रही ठेकेदारले कटान, मुछान, ढुवानी एवं घाटगद्दीको काम गर्नु गराउनु पर्नेछ।

१२. प्लटको अन्तिम चेकजाँच नगरी अन्तिम बिल भुक्तानी गरिने छैन ।

१३. लगत बमोजिम छपान भएका रुखहरु मात्र कटान, मुछान, ढुवानी गर्नुपर्नेछ। छपान नभएको रुख बोट विरुवा एवं वन्यजन्तुको हानी नोक्सानी भएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

१४. काठ दाउराको संकलन सम्बन्धि सम्पूर्ण कार्य वन पैदावार (काठ दाउरा) संकलन तथा विक्री वितरण निर्देशिका २०७३ (संशोधन २०५७) र प्रचलित कानुनको अधिनमा रहि गर्नुपर्नेछ।

१५. प्लट तथा खण्ड अनुसार छुट्टा छुट्टै बोलपत्र पेश गर्नुपर्नेछ ।

१६. यस सुचनामा कुनै कुरा संशोधन भएमा यस कार्यालय मार्फत जानकारी गराईनेछ ।

**कटान, मुछान, ढुवानी सम्बन्धि कामको विवरण**
**(काठ क्यू.फि र दाउरा चट्टामा)**

| सि. नं | कामको विवरण | घाटगद्दी गर्नुपर्ने स्थान | संकलन हुने रुखको संख्या | | | | ढलापडा सुखाखडा रुख रहेको स्थान | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्लट नं | रुख संख्या | अनुमानित अयतन: काठ (क्यू.फि.) | अनुमानित अयतन: दाउरा (चट्टा) | ०-१० (कि.मि) | स्थान |
| १. | कटान (गिण्डा) पार्ने मुछान, ढुवानी, घाटगद्दी, पाईलिंक समेत | स.डि.व.का. मसुरिया | १ २०७९/०८० | १६० | ५३९१.१३ | ७.५७ | | राजिपुर खण्ड |
| २. | कटान (गिण्डा) पार्ने मुछान, ढुवानी, घाटगद्दी, पाईलिंक समेत | स.डि.व.का. मसुरिया | २ २०७९/०८० | ५५१ | ७६२४.१८ | ५.४४ | | बालुवागडा खण्ड |
| ३. | कटान (गिण्डा) पार्ने मुछान, ढुवानी, घाटगद्दी, पाईलिंक समेत | स.डि.व.का. मसुरिया | ३ २०७९/०८० | १८७ | ६१५५.०७ | ७.८० | | सेती खोला खण्ड |
| ४. | कटान (गिण्डा) पार्ने मुछान, ढुवानी, घाटगद्दी, पाईलिंक समेत | स.डि.व.का. मसुरिया | ४ २०७९/०८० | १५० | ५२९६.६६ | ५.३६ | | कैलाशपुर खण्ड |
| ५. | कटान (गिण्डा) पार्ने मुछान, ढुवानी, घाटगद्दी, पाईलिंक समेत | स.डि.व.का. मसुरिया | ५ २०७९/०८० | ३९५ | १४१००.४ | १४.५४ | | सुनपाल खण्ड |
| ६. | कटान (गिण्डा) पार्ने मुछान, ढुवानी, घाटगद्दी, पाईलिंक समेत | स.डि.व.का. मसुरिया | ६ २०७९/०८० | २२८ | ११८१२.०३ | १२.७५ | | बनखेत खण्ड |
| ७. | कटान (गिण्डा) पार्ने मुछान, ढुवानी, घाटगद्दी, पाईलिंक समेत | स.डि.व.का. मसुरिया | ७ २०७९/०८० | १७० | ५८१६.६७ | ६.३४ | | शंकरपुर खण्ड |

**ईति सम्बत २०७९ साल माघ २५ गते रोज ०४ शुभम् –**

# टर्की भूकम्प: करिब ५ हजार जनाको मृत्यु



**अदना (टर्की)–** टर्कीको पूर्वी भाग र छिमेकी सिरियामा सोमबार गएको भूकम्पमा परी मंगलबारसम्म चार हजार ९८३ जनाको मृत्यु भएको छ । भग्नावशेषमा परिणत भएका हजारौं भवनका भूमिमा उद्धारकर्मीहरू पीडितलाई जीवितै उद्धार गर्ने ध्येयका साथ खटेका छन् । यो दैवी विपत्तिमा ज्यान गुमाउनेको संख्या बढ्नसक्ने आपत्कालीन सुरक्षाकर्मीले बताएका छन् ।

उद्धार तथा राहतका काम प्रभावकारी ढंगले अघि बढाउन विश्वका विभिन्न मुलुकले सहयोगी टोली परिचालन गरेका छन् । टर्कीका विपद् व्यवस्थापन निकायका अधिकारीले २४ हजार ४०० कर्मचारी भूकम्प प्रभावित स्थानमा परिचालन भएका बताएका छन् । करिब छ हजार भवन भत्केकाले सबै स्थानमा सहायता परिचालन गर्न कठिन भएको छ । कठ्यांग्रिने चिसो तथा बारम्बारको परकम्पका कारण उद्धार तथा राहतका कामलाई द्रुतगतिमा सम्पादन गर्न हम्मेहम्मे परेको छ । अहिलेसम्म झण्डै २०० परकम्प गएकाले जोखिम मोलेर उद्धारमा जुट्न विलम्ब भएको छ ।

हाताए प्रान्तको राजधानी अन्तक्या नगरकी नरगुल अतायाले भग्नावशेषबाट आफ्नी आमाले गुहार मागेको धेरै बेर भएका एपीलाई बताइन् । पर्याप्त उद्धारकर्मी र भग्नावशेष पन्साउने विशाल उपकरण नहुँदा उनकी आमाको उद्धार हुन सकेको छैन । सत्तरी वर्षकी आफ्नी आमाले भग्नावशेषमा आफूलाई सम्हाल्न नसक्ने दुखेसो उनको छ । भूकम्पको केन्द्रबिन्दुभन्दा दक्षिणपश्चिमको हाताए प्रान्तका एक हजार ५०० भवनमा क्षति भएको छ । भवनका भग्नावशेषमा फसेका धेरै मानिस उद्धारको प्रतीक्षामा छन् ।

टर्कीको दक्षिणपूर्वी प्रान्त काह्रामानमारास केन्द्र भएर भएको शक्तिशाली भूकम्पको धक्काले दमास्कस र बेरुतका बासिन्दालाई घरबाट बाहिर निस्कन बाध्य पारेको थियो भने काह्रामानमारासभन्दा धेरै पर अवस्थिति इजिप्टको राजधानी कायरोमा पनि भूकम्पको झट्का महसुस गरिएको थियो । भूकम्पपीडितहरूले खेलस्थल, व्यापार मेला आयोजना गर्ने स्थानका साथै खुला आकाशमुनि आगो बालेर रात गुजारेका थिए ।

चिकित्सा सहायता प्रदान गर्ने डक्टर्स विदाउट बोडर्सले सिरियाको इड्लिब प्रान्तमा आफ्ना सहकर्मीलाई गुमाएको बताएको छ । साथै ती डाक्टरका परिवारका अन्य सदस्यको पनि भुइँचालोमा ज्यान गएको छ । सिरियास्थित उक्त संस्थाका प्रमुख सेवास्टियन गेले उत्तरी सिरियामा घाइतेहरूको ठूलो भीड लागेकाले दिनरात चिकित्साकर्मी उपचारमा संलग्न भएका बताएका छन् ।

सिरियासँगको सीमा क्षेत्रमा परिचालन भएका देशका सैनिकलाई उद्धारमा परिचालन गरिएको टर्कीका रक्षामन्त्री हुलुसी अकरले बताएका छन् । सेनाको अंकारास्थित मानवीय सहायता गुल्म पनि सहायताका निम्ति काममा खटिएको छ । आठवटा सैनिक टोलीले प्रभावित क्षेत्रमा सेवा खोजतलासका काम जारी राखेको छ । मन्त्री हुलुसीका अनुसार जल सेना पनि सहयोगका निम्ति तम्तयार छ ।

गाजीयान्तेप सहरका बासिन्दाले खेलमैदान, रंगशाला, किनमेल केन्द्र, मस्जिद र सामुदायिक केन्द्रहरूमा आश्रय लिएका छन् । टर्कीका १० वटा प्रान्तमा कम्तीमा ती हजार ३८१ जनाको ज्यान गएको तथा २० हजारभन्दा बढी घाइते भएका सरकारी अधिकारीहरूले जानकारी दिएका छन् । टर्कीका राष्ट्रपति रिसेप ताइएप एर्दोगानले सात दिन राष्ट्रिय शोक घोषणा गरेका छन् ।

यसैगरी सिरिया सरकारको अधीनमा रहेका भूभागमा ७६९ जनाको मृत्यु भएको छ भने एक हजार ४५० जना घाइते भएका छन् । विद्रोहीको पकड रहेको उत्तरपश्चिमी भेगमा ४५० जनाले ज्यान गुमाएका छन् भने सयौं घाइते भएका छन् । *रासस/एपी*

# पाकिस्तानले टर्कीमा राहत सामग्री, चिकित्सा र उद्धार टोली पठायो

**इस्लामाबाद–** पाकिस्तानले टर्कीको भूकम्प प्रभावित क्षेत्रमा राहत सामग्री र चिकित्सा र उद्धार टोली पठाएको आधिकारिक विज्ञप्तिमा मंगलबार जानकारी दिइएको छ ।

सेनाले उद्धार विशेषज्ञहरू, स्निफर कुकुर र खोज उपकरणसहितको सहरी खोज र उद्धार टोलीसहित दुई टोली पठाएको पाकिस्तानी सेनाको मिडिया विंग इन्टर-सर्भिसेस पब्लिक रिलेसन्स (आइएसपिआर)ले एक विज्ञप्तिमार्फत जनाएको छ ।

सेनाले सेनाका चिकित्सक, नर्सिङ स्टाफ, प्राविधिकसहितको टोली, ३० शयचाको घुम्ती अस्पताल, टेन्ट, कम्बललगायतका राहत सामग्री पठाएको विज्ञप्तिमा उल्लेख छ ।

टर्की सरकार, सशस्त्र सेना र इस्लामाबादमा टर्की दूतावाससँग नजिकको समन्वयमा काम गर्दै टर्कीका जनताका लागि राहत कार्यहरु गर्न सोमबार राति विशेष पाकिस्तान वायुसेनाको विमानमार्फत सहायता दलहरू अडाना, टर्की उडेको आईएसपीआरले जनाएको छ ।

पाकिस्तान इन्टरनेसनल एयरलाइन्स (पिआइए)को एक विमान १५ टन सहयोग बोकेको र राज्य आर्थिक संगठनका कर्मचारीहरूसहितको ५० सदस्यीय सदस्य मंगलबार टर्की प्रस्थान गरेको सरकारी कार्यालयले जानकारी दिएको छ । विमान लाहोरबाट इस्तानबुलसम्म १५ टन मानवीय सहायता पनि लैजानेछ । सहयोगमा जाडो टेन्ट, कम्बल र अन्य अत्यावश्यक सामुग्री सामेल हुने छन् । फेब्रुअरी ८ देखि, प्रत्येक दिन १५ टन मानवीय सहायतासहित पिआइएको उडान पाकिस्तानबाट टर्की र सिरिया पठाइने विज्ञप्तिमा जनाइएको छ ।

गत सोमबार गएको ७.८.भूकम्पमा चार हजारभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ । पाकिस्तान स्वास्थ्य मन्त्रालयको टोली पनि दुई देशको लागि प्रस्थान गर्ने बताइएको छ । *रासस/सिन्ह्वा*

## ६० लाख डलर सहयोग गर्ने चीनको घोषणा

**बेइजिङ–** चीनले टर्कीका भूकम्पपीडितका लागि ६० लाख अमेरिकी डलर सहयोग उपलब्ध गराउने घोषणा गरेको छ । आपत्कालीन सहायताअन्तर्गत उक्त रकम टर्कीलाई उपलब्ध गराउने घोषणा भएको हो । साथै, चीनको रेडक्रसले टर्की र सिरियालाई दुई लाख अमेरिकी डलरको आपत्कालीन सहायता प्रदान गर्ने जनाएको छ । टर्की र सिरियामा भूकम्पबाट भएको जनधनको क्षतिप्रति शोक प्रकट गर्दै बेइजिङले दुवै देशसँग सम्पर्कमा रहेको बताएको छ ।

यसअघि अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीज र न्युजिल्याण्डका प्रधानमन्त्री क्रिस हिप्किन्सले भूकम्प प्रभावित टर्की र सिरियाका लागि एक करोड १५ लाख अमेरिकी डलर सहयोगको घोषणा गरेका थिए । *रासस/सिन्ह्वा*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IBTISAM AYED BIN SAUD AL SHAMMARI GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७९/०७/२९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२४ | LT. No. :275676 | चलानी नं.६०१९१३३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ३ गते (15th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Star Overseas Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal,
Tel: +977-1-4363546, Fax: +977-1-4363540
श्रम ईजाजत नं. २५७/०५८/०५९
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति: २०७९/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२४ | LT. No. 272524 | चलानी नं. ६०१९८३१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 1 | 0 | 4000 | १४५,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Drive | 2 | 0 | 2200 | ८०,१३५ | | | | | | | |
| 3 | Electric Technician | 5 | 0 | 1200 | ४३,७१० | | | | | | | |
| 4 | Mason | 5 | 0 | 1200 | ४३,७१० | | | | | | | |
| 5 | Sales Supervisor | 1 | 0 | 3000 | १०९,२७० | | | | | | | |
| 6 | Supervisor | 2 | 0 | 3000 | १०९,२७० | | | | | | | |

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL

पूर्व स्वीकृति मिति: २०७९/१०/२४ | LT. No. 280627 | चलानी नं. ६०१९६१६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 5 | 0 | 2100 | ७६,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 1 | 0 | 1200 | ४३,७१० | | | | | | | |
| 3 | Foreman | 4 | 0 | 2500 | ९१,०६० | | | | | | | |
| 4 | General Clean Worker | 5 | 0 | 1000 | ३६,४२५ | | | | | | | |
| 5 | Representative | 1 | 0 | 2500 | ९१,०६० | | | | | | | |
| 6 | Supervisor | 2 | 0 | 2500 | ९१,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ३ गते (15th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com



## बूढानीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हात्तिगौंडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना
मिति : २०७९/१०/२५

यस कार्यालयको मिति २०७९/०६/११ को राष्ट्रिय दैनिकमा प्रकाशित Construction of Ward no 4 Office Building, Contract no : NCB/BNP/CW/079_080/03 निर्माण कार्य खरिद सम्बन्धी सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको प्राविधिक बोलपत्रहरुको मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरु प्राविधिक रुपमा योग्य रहेको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम ५ बमोजिम निजको आर्थिक प्रस्ताव तपशिल बमोजिमको स्थान, मिति र समयमा खोलिने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

| बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने |
|---|---|
| १. Ecovus Construction Pvt.Ltd, Tarkeshwor-07, Kathmand. | स्थान : बूढानीलकण्ठ नगरपालिकाको कार्यालय, हात्तिगौंडा, काठमाडौं मिति : २०७९/११/०३ समय : दिनको १:०० बजे |
| २. Prajil Construction Pvt.Ltd, Manbhawan-5, Lalitpur | |
| ३. Parman/S.N/Tiger JV, Changunarayan-1, Bhaktapur | |
| ४. Guru Metal & Construction Pvt.Ltd, Jorpati | |
| ५. BIS/P.B.S.T JV, Jorpati | |
| ६. Pyramid Engineering Services P.Ltd,Gwarko-17, Lalitpur | |
| ७. Akash Nirman Sewa, Melamchi, Sindhupalchok | |
| ८. Sakura Nirman Sewa Pvt.Ltd, Maharajgunj, Kathmandu | |
| ९. Purna Chandra Nirman Sewa, Bidur-1, Nuwakot | |
| १०. Jateshwor-Key West JV, Koteshwor-32, Kathmandu | |
| ११. Shreekhandapur/Orbit-JV, Gokarneshwor, Kathmandu | |
| १२. R.R-Sarathi JV, Balaju-16, Kathmandu | |
| १३. Basnet/Kapil JV, Sinamangal, Kathmandu | |

**Chief Administrative Officer**



## भोजपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भोजपुर
१ नं.प्रदेश, नेपाल

### करार सेवाबाट पदपूर्ति गर्न आव्हान गरिएको सूचना
प्रथम पटक प्रकाशित मिति २०७९/१०/२५

नेपाल सरकार र स्वीजल्याण्ड सरकारबीच भएको सम्झौता अनुसार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस भोजपुर नगरपलिकामा सुरक्षित आप्रवाषण परियोजना अन्तर्गत निम्न अनुसारको जनशक्ति आवश्यक भएकोले २०८० को आषाढ मसान्तसम्मको लागी सेवा करारमा लिई कार्यक्रम संचालन गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित पदको लागि तपसिलका योग्यता भएका उम्मेदवारहरुले यो सूचना आव्हान भएको मितिले १५ दिनभित्र यस कार्यालयबाट निर्धारित गरिएको फाराम भरि निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | पद | बिज्ञापन नं. | आवश्यक संख्या | योग्यता | तह | फर्म दस्तुर | पदपुर्ती प्रक्रिया |
|---|---|---|---|---|---|---|---|
| १ | लेखा तथा प्रशासन अधिकृत | ११/०७९/०८० | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन संकायमा स्नातक तह उत्तिर्ण, २ वर्षको कार्यअनुभव । | अधिकृत छैठौं | १०००।- | लिखित र अर्न्तवार्ता |

नोट:-

१, **आवश्यक कागजाज :-** नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम र अनुभव सम्बन्धी कागजातहरुको प्रमाणित प्रतिलिपी ।

२, **उमेरको हद :** दरखास्त दिने अन्तिम दिनसम्म पुरुषको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

३. फाराम बुझाउने अन्तिम मिति २०७९।११।१० गते कार्यालय समयसम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट) ।

४. **फाराम बुझाउने स्थान :** भोजपुर नगरपालिका प्रशासन शाखा ।

५. **काम गर्नुपर्ने स्थान :-** भोजपुर नगरपालिका वा अन्तर्गत ।

६. **पारिश्रमिक :-** कार्यक्रमको नियमानुसार ।

७. परीक्षा मिति पछि कार्यालयको सूचना पार्टीमा टाँस गरी तोकिने छ ।

८. कुनै कारणले उल्लेखित कार्यक्रम सम्बन्धी कार्यतालिका वा अन्य कुनै व्यवस्था परिवर्तन गर्नुपर्ने भएमा यस कार्यालयको Website र सूचना पाटीमा सूचना टाँस गरी जानकारी गराईनेछ ।

९. यस सूचनामा छुट भएका अन्य कुराहरु भोजपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि २०७५, सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन २०७९ र प्रचलित कानुन वमोजिम हुनेछ ।

१०. अन्य कुराहरु बुझ्नु परेमा भोजपुर नगरपालिकाको फोन नं. ०२९-४२०२२० मा सम्पर्क गर्नुपर्नेछ वा कार्यालयको Website मा हेर्नुपर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १०४६०० | प्रति तोला - १०४१०० | प्रति तोला - १३२० |



**कुखुरा र अण्डा सडकमा फालेर विरोध** | झापाको बिर्तामोडस्थित मुक्तिचोकमा मंगलबार कुखुरा र अण्डा सडकमा फ्याँकेर विरोध गर्दै झापाली किसान । अण्डाको उचित मूल्य नपाएको भन्दै किसानले लेयर्स कुखुरा र अण्डा फालेर विरोध गरेका हुन् । *तस्बिरः सन्तोष शर्मा/रासस*

# राजस्व चुहावट नियन्त्रण गर्न प्रधानमन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राजस्व संकलनका क्षेत्रमा देखिएका चुनौती समाधान गर्न र राजस्व चुहावट नियन्त्रणका लागि क्रमभंग गर्न राजस्व प्रशासनका अधिकारीहरूलाई निर्देशन दिएका छन् । बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार राजस्वको अवस्था र चुहावट नियन्त्रण सम्बन्धि छलफलमा बोल्दै प्रधानमन्त्रीले उक्त कुरा बताए ।

प्रधानमन्त्रीले भने, 'अर्थतन्त्रको समग्र स्थिति हेर्दा अधिकांश सूचकहरू सकारात्मक हुँदै गएको देखियो । गत पुसदेखि अर्थतन्त्रमा क्रमशः सुधार आएको देखियो । तर, यसको अर्थ नेपाली अर्थतन्त्र संकटमुक्त भइसक्यो भन्ने होइन । राजस्व संकलनमा अहिले पनि केही समस्याहरू छन् । राजस्वको दायरा बढाउने र चुहावट नियन्त्रणको कार्यलाई एकैसाथ अगाडि बढाउन जरूरी छ ।'



बैठकमा उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले राजस्व संकलन र चुहावटका क्षेत्रमा हुनसक्ने सम्भावित मिलेमतोलाई चेन ब्रेक गर्ने गरी कार्यविभाजन गर्न निर्देशन दिइसकेको जानकारी दिए । सो क्रममा मितव्ययिता र खर्च कटौतीको विषयलाई गम्भीरतापूर्वक लिएर सोहीअनुरूप कार्ययोजना र कार्यान्वयनमा लैजान आफूले मेहेनत गरिरहेको मन्त्री पौडेलले बताए ।

बैठकमा राजस्वसँग सम्बन्धित सरकारी निकायका प्रमुखहरूले देशको अर्थतन्त्रको आजको अवस्था, अर्थतन्त्रका चुनौतीहरू, राजस्व संकलनको अवस्था, राजस्व चुहावट नियन्त्रणमा सरकारले चाल्नुपर्ने कदम र आगामी कार्ययोजनाबारे प्रस्तुति राखेका थिए ।

# पस्मिना उद्योगबाट आम्दानी बढाउन सकिन्छ : मन्त्री भण्डारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले पस्मिना उद्योगबाट आम्दानीमा वृद्धि गर्न सकिने बताएका छन् । उनले पस्मिना निर्यातको प्रमुख वस्तुका रुपमा रहँदै आएको उल्लेख गरे ।

ललितपुरमा आयोजित राष्ट्रिय पस्मिना क्षेत्र निर्यात रणनीति तर्जुमा सार्वजनिक कार्यक्रममा मन्त्री भण्डारीले पस्मिना उद्योगबाट उद्योगी, व्यापारी तथा निर्यातकर्तालाई मात्रै नभई च्याङ्ग्रापालक किसानलाई प्रत्यक्ष रोजगारीसँगै आम्दानी वृद्धि गर्न सकिने बताए । विभिन्न प्रयासका बाबजुद आयात उच्चदरमा वृद्धि भएको उल्लेख गर्दै उनले निर्यात न्यून मात्रामा भएका कारण व्यापार घाटा उच्च दरमा बढ्दै जानु चिन्ताको विषय भएको बताए ।

'नेपाल सरकार, विकास साझेदार तथा निजी क्षेत्रको संयुक्त प्रयासबाट च्याङ्ग्राको भुत्ला प्रशोधन गरी पस्मिनाका लागि धागो उत्पादन गर्ने कारखाना स्थापना कार्य अघि बढाएका छौँ', मन्त्री भण्डारीले भने, ' च्याङ्ग्रापालक किसानले उत्पादन गरेको भुत्ला स्वदेशमै उचित मूल्यमा खरिद हुनाका साथै पस्मिनाको उत्पादन बढ्ने छ ।' भविष्यमा नेपाली पस्मिनाको निर्यात उल्लेखनीय रुपमा बढ्ने अपेक्षा गरिएको छ ।

मन्त्रालयले युरोपियन युनियनको आर्थिक सहयोग तथा अन्तर्राष्ट्रिय व्यापार केन्द्रको प्राविधिक सहयोगमा सञ्चालित उक्त कार्यक्रमअन्तर्गत राष्ट्रिय पस्मिना क्षेत्र निर्यात रणनीति तर्जुमा गरेको उल्लेख गर्दै मन्त्री भण्डारीले पस्मिना व्यापारीले हाल भोगिरहेका समस्या तथा चुनौती सूक्ष्म रुपमा विश्लेषण गरी यस क्षेत्रको समग्र विकासमार्फत आगामी पाँच वर्षभित्र निर्यात गर्न सकिने लक्ष्य निर्धारण गरेको बताए ।

# नेप्सेमा उछाल, ७६ अंकले बढ्यो परिसूचक

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक उच्च अंकले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ७६ दशमलव ६४ अंकले उकालो लागेर दुई हजार एक सय ७७ दशमलव ३४ मा पुगको छ ।

ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १२ दशमलव ७२ अंकले बढेर चार सय १४ दशमलव ८७ मा पुगेको छ । यस्तै, कारोबार भएका १३ वटै उपसमूहको सेयर मूल्यमा वृद्धि भएको छ । कारोबार भएका कूल दुई सय १५ कम्पनीको सेयर मूल्यमा वृद्धि हुँदा एउटा मात्रै कम्पनीको सेयर मूल्यमा भने कुनै परिवर्तन भएन ।

विभिन्न कम्पनीका कूल ९३ लाख ३३ हजार सात सय ८८ कित्ता सेयर रू तीन अर्ब ३६ करोड २२ लाख ६७ हजार ७८ मूल्यमा कारोबार भएको छ । आजको कारोबारपछि बजार पुँजीकरण रू ३१ खर्ब ४२ अर्ब दुई करोड ३२ लाख ४४ हजार एक सय ८६ पुगेको छ ।

कारोबार रकमका आधारमा एनआइसी एशिया बैंक शीर्ष स्थानमा रहेको छ । बैंकको सेयर रू १२ करोड ९२ लाख ४२ हजार सात सय २६ मा कारोबार भएको छ । यस्तै, न्यादी ग्रुप पावर रू ११ करोड तीन लाख ७० हजार पाँच सय ४४, अपि पावर कम्पनी रू नौ करोड ३९ लाख ९९ हजार आठ सय ३४ र हिमालयन डिस्टिलरी रू छ करोड ६४ लाख ७२ हजार एक सय ७२ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार बरुण हाइड्रोपावर, खानीखोला हाइड्रोपावर, राधी विद्युत् कम्पनी, आर्दश लघुवित्तको सेयर मूल्यमा १० प्रतिशतको वृद्धि भई सकारात्मक सर्किट लागेको छ । यस्तै, रिडी पावर कम्पनीको सेयर मूल्य नौ दशमलव ९८ प्रतिशतले घटेको छ ।

यस्तै, आइसिएफसी फाइनान्स कम्पनीको ऋणपत्र पाँच दशमलव ९०, एभेष्ट बैंकको ऋणपत्र एक दशमलव ९५,एनआइबिएल प्रगति फण्ड एक दशमलव ६९, नेपाल एसबिआई बैंकको ऋणपत्र एक दशमलव ५८ र लक्ष्मी बैंकको ऋणपत्रको मूल्य एक दशमलव २९ प्रतिशतले घटेको छ ।

# 'सूचना प्रविधिका क्षेत्रमा नेपाल प्रतिस्पर्धी'

■ प्रभाव संवाददाता

**काठमाडौं–** सूचना प्रविधिको क्षेत्रमा नेपाल प्रतिस्पर्धी बन्दै गएको भए पनि आन्तरिक उत्पादन र सेवाको प्रवर्द्धन हुन नसक्दा यो क्षेत्र फस्टाउन नसकेको जानकारहरुले बताएका छन् ।

सोमबारदेखिसुरु भएको 'इन्फो डेभलपर्स क्यान इन्फोटेक- २०२३' प्रदर्शनीको उद्घाटन कार्यक्रममा बोल्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले यो सूचना प्रविधिको युग रहेको बताउँदै यो राष्ट्रियतासँग पनि जोडिएको बताइन् । अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउने यस क्षेत्रलाई राज्यले संरक्षण र प्रवर्द्धन गर्न नसकेको उनको भनाइ छ ।

'आर्थिक समृद्धिका लागि सूचना प्रविधिको योगदान महत्वपूर्ण छ । यो राजस्व बढाउने र राष्ट्रियता स्थापित गर्न सकिने क्षेत्र रहेछ । सानो-सानो कुरामा ध्यान दिँदा अर्बौं राजस्व जोगिने मात्र नभई यसबाट हामी राजस्व सिर्जना गर्न पनि सक्ने रहेछौं । राष्ट्रियता जोगाउने सवालमा पनि प्रविधि क्षेत्रको भूमिका महत्वपूर्ण छ', मन्त्री शर्माले भनिन् ।

सूचना प्रविधि क्षेत्रलाई राज्यले प्राथमिकतामा राख्न नसक्दा जनशक्ति विकासमा उल्लेख्य प्रगति हुन नसकेको पनि उनले बताइन् ।

'विगतमा राजनीतिक अस्थिरताका कारण मुलुकको आर्थिक विकासका लागि कुन क्षेत्रलाई प्राथमिकतामा राख्ने भनेर अस्पष्टता रह्यो । हामीले जनशक्ति जोगाउन नसक्दा बाहिर जाने र त्यस्तो जनशक्ति हामीलाई चाहिँदा बाहिरबाट ल्याउनुपर्ने अवस्था छ', शर्माले भनिन् ।



जनतालाई आधारभूत सेवा प्रवाहमा पनि प्रविधिको प्रयोग बढाउँदै जान आवश्यक रहेको बताउँदै शर्माले प्रविधिको प्रयोगले सार्वजनिक सेवालाई पारदर्शी बनाउन सकिने उनको भनाइ छ ।

नेपालको सूचना प्रविधि क्षेत्रलाई अझ प्रतिस्पर्धी बनाउन विस्तृत अध्ययन गरेर अघि बढ्ने र कानुन बनाउने विषयलाई प्राथमिकतामा राखिने पनि मन्त्री शर्माले बताइन् । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले कोभिड महामारीपछि नेपालमा प्रविधिको प्रयोग बढेको बताए ।

नेपालमा उत्पादित कतिपय प्रविधि विश्वस्तरमै प्रतिस्पर्धा गर्नसक्ने अवस्थामा रहेको उनको भनाइ छ । 'नेपाल प्रविधिको क्षेत्रमा विश्वस्तरमै प्रतिस्पर्धी बन्नसक्छ । त्यसका लागि हामीले प्राथमिकतामा नेपाली उत्पादनलाई दिनुपर्छ', ढकालले भने । हरेक सरकारी निकायमा नेपाली सफ्टवेयरको प्रयोगको नीति सरकारले लिनुपर्ने उनको सुझाव छ ।

त्यस्तै, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले प्रविधिका क्षेत्रमा सरकारी नीति सकारात्मक भए पनि त्यसको कार्यान्वयन प्रभावकारी हुन नसकेको बताए । 'प्रविधि क्षेत्रमा लगानी गर्ने कम्पनीका लागि एकद्वार प्रणाली लागू हुन सकेको छैन । यो क्षेत्रमा कुनै विदेशी कम्पनीले लगानी ल्याएमा त्यसमा नेपाली कम्पनीलाई 'जोइन्ट भेन्चर'मा लगानी गर्न सक्ने व्यवस्था लागू गरिनुपर्छ', मल्लले भने ।

मुलुकलाई आर्थिक समृद्धि दिनका लागि सम्भाव्य तुलनात्मक लाभको क्षेत्रका रुपमा रहेको सूचना प्रविधि क्षेत्रलाई प्रवर्द्धन गर्न स्वदेशी जनशक्ति, सीप, प्रविधि र सेवालाई बढावा दिनुपर्ने उनको भनाइ छ ।

नेपाल उद्योग परिसङ्घका उपाध्यक्ष बीरेन्द्रराज पाण्डेले नेपालले निर्यात गर्नसक्ने सूचना प्रविधि क्षेत्रबाट अर्थतन्त्रमा पनि महत्वपूर्ण योगदान हुने बताए । नेपालले सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडलमा सूचना प्रविधि (आइटी) पार्क बनाएर त्यहाँ राखिने कम्पनीका लागि कर छुटको व्यवस्था गर्नुपर्ने पाण्डेले बताए ।

क्यान महासङ्घका अध्यक्ष रणजितकुमार पोदारले सूचना तथा प्रविधि नीति २०७२ र डिजिटल नेपाल फ्रेमवर्क २०७६ ले लिएका उपलब्धि हासिल गर्न र ती नीतिको प्रभावकारी कार्यान्वयनका लागि सबै पक्षले भूमिका खेल्नुपर्ने बताए ।

सूचना तथा सञ्चारको क्षेत्रबाट मुलुकको आर्थिक विकासमा महत्वपूर्ण योगदान गर्न सकिने उनको भनाइ छ । 'सूचना प्रविधिलाई तुलनात्मक लाभको क्षेत्रका रूपमा विकास गरेर अर्थतन्त्रमा योगदान पुऱ्याउने सरकारको नीति छ । डिजिटल नेपाल फ्रेमवर्कलाई प्रभावकारी बनाएर लैजानु हामी सबैको दायित्व हो', अध्यक्ष पोदारले भने ।

# कृषि एम्बुलेन्स चलाउँदै इच्छाकामना गाउँपालिका

**चितवन (प्रस)–** कृषि क्षेत्रको समस्या समाधान गर्नका लागि चितवनको इच्छाकामना गाउँपालिकाले कृषि एम्बुलेन्स सञ्चालन गर्ने भएको छ । यसका लागि सङ्घीय सरकार र गाउँपालिकाले बजेट विनियोजन गरेको छ । पालिकाभित्र पर्ने पहाडी क्षेत्रका किसानलक्षित कृषि एम्बुलेन्स खरिद गर्न लागेको गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङले बताए। घुम्ती सेवामार्फत कृषि उत्पादन किसानका घर-घरबाट बजारसम्म ल्याइने उनले जानकारी दिए ।

उनका अनुसार वडा नं १, २ र ७ का किसानले उत्पादन गरेका कृषिजन्य उत्पादनको सहज ढुवानीका लागि तीनवटा कृषि एम्बुलेन्स खरिद गर्ने तयारी गरिएको हो । 'किसानले उत्पादन गरेका कृषि उपजलाई बजारसम्म लैजान सहज होस् भन्ने उद्देश्यले कृषि एम्बुलेन्स खरिद गर्न खोजेका हौँ', उनले भने । अहिले पनि इच्छाकामनाको पहाडी क्षेत्रका बासिन्दाले निकै कष्टका साथ कृषिजन्य उत्पादन बजार पुऱ्याउनुपर्ने बाध्यता छ । तत्कालका लागि तीनवटा एम्बुलेन्स खरिद गर्ने तयारीमा रहेको अध्यक्ष गुरुङले बताए । उनका अनुसार सङ्घीय सरकारले रु ४० लाख बजेट व्यवस्थापन गरिदिएको छ भने त्यसमा पालिका र कृषि समूह तथा सहकारीको सहकार्यमा आधा-आधा रकमको व्यवस्थापन हुनेछ । 'सङ्घीय सरकारसँगै पालिकाले २५ प्रतिशत र कृषि समूह तथा सहकारीको २५ प्रतिशत रकम व्यवस्थापन गरेर कृषि एम्बुलेन्स खरिद गर्ने योजना हो', उनले भने ।

गाउँपालिकाले तीनवटा एम्बुलेन्स खरिदका लागि करिब रु ८५ लाख खर्च लाग्ने अनुमान गरेको छ । 'विशेषगरी वडा नं १ को भाराङ, हात्तीवाङ, वडा नं २ को मायाटार, वर्ल्याङ र वडा नं ७ को दाहाखानीलगायतका क्षेत्रलक्षित गरी साधन खरिद गर्न लागेको हो', अध्यक्ष गुरुङले भने । कृषि एम्बुलेन्सको प्रयोगबाट भौगोलिक विकटताका कारण किसानले उत्पादन गरेका तरकारी तथा फलफूलले उचित बजार नपाउँदा बारीमै फाल्नुपर्ने अवस्थाको अन्त्य हुने गाउँपालिकाले विश्वास लिएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रणः** एक्सप्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ